संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - ६४

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल कात्तिक १२ गते आइतबार

---

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:४५ बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमा सम्माननीय सभामुखले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त निम्नलिखित पत्रहरुको व्यहोरा पढेर सुनाउनु भयो:

(क) माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वाला भारतको मुम्बईमा आयोजना हुने **Global Maritime India Summit 2023 (GMIS)** विषयक कार्यक्रममा सहभागी हुन संवत् २०८० साल असोज २९ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनु भएको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा० बेदुराम भसालले सम्हाल्ने गरी तोक्नु भएको व्यहोरा अनुरोध गर्दछु ।

मितिः २०८०/६/२६ (बैकुण्ठ अर्याल)
मुख्य सचिव

(ख) माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङ इन्डोनेसियामा आयोजना हुने एसियन-अफ्रिकन कानूनी परामर्शदातृ संस्था **(AALCO)** को ६१ औं वार्षिक सभामा सहभागी हुन संवत् २०८० साल असोज २६ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनु भएको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय उपप्रधानमन्त्री एवं रक्षा मन्त्री पूर्णबहादुर खड्काले सम्हाल्ने गरी तोक्नु भएको व्यहोरा अनुरोध गर्दछु ।

मितिः २०८०/६/२६ (बैकुण्ठ अर्याल)
मुख्य सचिव

(ग) माननीय उपप्रधानमन्त्री एवं गृह मन्त्री नारायणकाजी श्रेष्ठ जनवादी गणतन्त्र चीनमा आयोजना हुने **3rd Belt and Road Forum for International Cooperation (BRF)** अन्तर्गत **High Level Forum on Green Development** विषयक कार्यक्रममा सहभागी हुन संवत् २०८० साल असोज २९ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनु भएको गृह मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यू स्वयंमले सम्हाल्नु हुने व्यहोरा अनुरोध गर्दछु ।

मितिः २०८०/६/२६ (बैकुण्ठ अर्याल)
मुख्य सचिव

(घ) माननीय उर्जा, जलस्रोत तथा सिँचाई मन्त्री शक्ति बहादुर बस्नेत थाइल्याण्डको बैंककमा आयोजना हुने **Third Pacific Energy Forum** कार्यक्रममा सहभागी हुन संवत् २०८० साल कात्तिक १ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनु भएको उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यू स्वयंमले सम्हाल्नु हुने व्यहोरा अनुरोध गर्दछु ।

मितिः २०८०/६/३० (बैकुण्ठ अर्याल)
मुख्य सचिव

(ङ) माननीय खानेपानी मन्त्री महिन्द्र राय यादव भारतको नयाँ दिल्ली स्थित मेदान्त अस्पतालमा स्वास्थ्य उपचारको लागि निजी भ्रमणमा संवत् २०८० साल असोज ३० गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनु भएको खानेपानी मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय अर्थ मन्त्री डा० प्रकाशशरण महतले सम्हाल्ने गरी तोक्नु भएको व्यहोरा अनुरोध गर्दछु ।

मितिः २०८०/६/३० (बैकुण्ठ अर्याल)
मुख्य सचिव

(च) माननीय सहरी विकास मन्त्री सीता गुरुङ मलेसियाको क्वालालम्पुरमा हुने **High Level 15th Regional Environmentally Sustainable Transport Forum in Asia** विषयक कार्यक्रममा सहभागी हुन संवत् २०८०

साल कात्तिक ४ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनु भएको सहरी विकास मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजालले सम्हाल्ने गरी तोक्नु भएको व्यहोरा अनुरोध गर्दछु ।

मिति: २०८०/७/२ (बैकुण्ठ अर्याल)
मुख्य सचिव

(छ) नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८०/७/२ को बैठकबाट संयुक्त राष्ट्रसंघका महासचिव महामहिम एन्टोनियो गुटेरेसले मिति २०८०/७/१२ देखि २०८०/७/१५ गतेसम्म गर्नुहुने नेपालको औपचारिक भ्रमण कार्यक्रम स्वीकृत भएको र उक्त भ्रमणको सिलसिलामा उहाँले मिति २०८०/७/१४ गते मंगलबारका दिन १६:०० बजे संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्ने कार्यक्रम रहेकोले सोको लागि आवश्यक व्यवस्था गरिदिनु हुन अनुरोध गर्दछु ।

मिति: २०८०/७/२ (बैकुण्ठ अर्याल)
मुख्य सचिव

त्यसपछि सम्माननीय सभामुखले "बैंकिङ्ग कसूर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८०" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १०५ बमोजिम माननीय श्री प्रेम सुवालबाट विरोधको सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि विरोधको सूचना दिनुहुने प्रस्तावक माननीय श्री प्रेम सुवालले उक्त विरोध गर्नुपर्नाको कारण सहित संक्षिप्त वक्तव्य दिनु भयो ।

तदुपरान्त् विधेयक प्रस्तुतकर्ता माननीय अर्थ मन्त्रीको तर्फबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङले उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधका सम्बन्धमा संक्षिप्त वक्तव्य दिनु भयो ।

त्यसपछि विरोधको सूचना दिनुहुने माननीय श्री प्रेम सुवालले आफ्नो विरोधको सूचना फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त विरोधको सूचनालाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले अस्वीकृत भयो ।

तत्पश्चात् माननीय अर्थ मन्त्रीको तर्फबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङले "बैंकिङ्ग कसूर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८०" पेश गर्नु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले "भन्सार विधेयक, २०८०" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १०५ बमोजिम माननीय श्री प्रेम सुवालबाट विरोधको सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि विरोधको सूचना दिनुहुने प्रस्तावक माननीय श्री प्रेम सुवालले उक्त विरोध गर्नुपर्नाको कारण सहित संक्षिप्त वक्तव्य दिनु भयो ।

तत्पश्चात् विधेयक प्रस्तुतकर्ता माननीय अर्थ मन्त्रीको तर्फबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङले उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधका सम्बन्धमा संक्षिप्त वक्तव्य दिनु भयो ।

तदुपरान्त विरोधको सूचना दिनुहुने माननीय श्री प्रेम सुवालले आफ्नो विरोधको सूचना फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त विरोधको सूचनालाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले अस्वीकृत भयो ।

त्यसपछि माननीय अर्थ मन्त्रीको तर्फबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङले "भन्सार विधेयक, २०८०" पेश गर्नु भयो ।

तत्पश्चात् सम्माननीय सभामुखले संयुक्त राष्ट्र संघका महामहिम महासचिव श्री एन्टोनियो गुटरेसले यही २०८० कात्तिक १४ गते मंगलबार दिनको ४:०० बजे संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा सम्बोधन गर्ने कार्यक्रम रहेको जानकारी गराउनु हुँदै प्रतिनिधि सभाका सम्पूर्ण माननीय सदस्यहरु उक्त दिन ३:४५ बजे भित्रै बैठक कक्षमा उपस्थित हुनुभई आ-आफ्नो आशन ग्रहण गरिसक्नुहुन साथै उक्त दिन र समयमा माननीय सदस्यहरु औपचारिक पोशाकमा उपस्थित भईदिनुहुन समेत जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल कात्तिक १६ गते विहिबार बिहान ११:०० बजे बस्नेगरी बैठक दिनको २:२० बजे स्थगित भयो ।

पद्मम प्रसाद पाण्डेय
सचिव, प्रतिनिधि सभा